# नेपाल सरकार
# लगानी बोर्डको कार्यालय

☎ ९७७-१-४४७५२७६, ४४७५२७७, ४४७५२७८
फ्याक्स: ९७७-१-४४७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।


नेपाल सरकार लगानी बोर्डको कार्यालय २०६८

पत्र संख्या: ०७७/०७८
च.नं.:

मिति: २५ कात्तिक २०७७

## प्रेस-विज्ञप्ति

### लगानी बोर्डको ४५ औं बैठक सम्पन्न

**काठमाडौं ।** सम्माननीय प्रधानमन्त्री एवं लगानी बोर्डका अध्यक्ष श्री के.पी. शर्मा ओलीज्यूको अध्यक्षतामा लगानी बोर्डको ४५औं बैठक आज मंगलबार सम्पन्न भयो । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको उक्त बैठकले तीनवटा परियोजनाहरुका लागि कुल रु ३८ अर्ब ६८ करोड बराबरको लगानी स्वीकृत गरेको छ । बैठकले सार्वजनिक निजी साझेदारी अवधारणामा कार्यान्वयन हुने ७७.५ मेगावाट क्षमताको घुन्साखोला जलविद्युत परियोजनाका लागि रु १७ अर्ब ६२ करोड ४० लाख, ५७ मेगावाटको हिमचुली दोर्दी जलविद्युत परियोजनाका लागि रु १० अर्ब ६१ करोड ९१ लाख र ६५ मेगावाटको दुधखोला जलविद्युत परियोजनाका लागि रु १० अर्ब ४३ करोड ६० लाख लगानी स्विकृत गरेको छ ।

त्यसैगरी, बैठकमा लगानी बोर्ड कार्यालयको क्षमता अभिवृद्धि तथा संस्थागत विकासका लागि परियोजना बैंक र विभिन्न सरोकारवाला निकायहरुसँग परामर्श गरी बोर्डको रणनीतिक योजना तयार गर्नेबारे छलफल भएको छ । त्यसैगरी, लगानीकर्तालाई एकल विन्दु सेवा केन्द्रद्वारा सहज र शीघ्र सेवा प्रदान गर्न उक्त केन्द्रलाई स्वचालित बनाउने तथा Knowledge Management Portal – KMP को स्थापना र उपयोग गर्ने सम्बन्धमा छलफल भयो ।

उक्त अवसरमा, सम्माननीय प्रधानमन्त्रीज्यूले कोभिड १९ ले हामीलाइ नयाँ शिक्षा दिएको बताउँदै परियोजना कार्यान्वयनमा भइरहेका काममा हुने विलम्बलाइ हटाउन समेत नयाँ प्रविधिको आवश्यकता रहेकोमा जोड दिनुभयो । कोभिड १९ को कारण बोर्डको बैठक नियमित बस्न असहज भएपनि आगामी दिनमा नियमित हुने उहाँले बताउनुभयो । उर्जा विकासको सम्बन्धमा, विद्युत उत्पादनको साथसाथै उत्पादित विद्युत खपतको योजना समेत सम्बन्धित निकायहरुले मिलेर बनाउनुपर्नेमा जोड दिनुभयो । बैठकमा लगानी बोर्डको कार्यालयका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले लगानी बोर्ड मार्फत प्रवर्द्धन र सहजीकरण भएका परियोजनाहरु कार्यान्वयनको अवस्था र बोर्डका गतिविधिहरुबारे जानकारी गराउनु भएको थियो । बैठकले नवनियुक्त माननीय अर्थमन्त्री विष्णु पौडेललाई बोर्डको उपाध्यक्षका रुपमा तथा लगानी बोर्डको सदस्य सचिव सुशिल भट्टलाई कार्यालयको प्रमुख कार्यकारी अधिकृतको रुपमा स्वागत समेत गरेको छ ।

उक्त बैठकमा माननीय अर्थमन्त्री एवं बोर्डका उपाध्यक्ष विष्णु पौडेल, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्ट, माननीय उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री वर्षमान पुन, माननीय वन तथा वातावरण मन्त्री शक्ति बस्नेत, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय प्रा डा पुष्पराज कँडेल, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, विभिन्न मन्त्रालयका सचिव, निजी क्षेत्रका प्रतिनिधीहरु भवानी राणा, हरिभक्त शर्मा, राजेशकाजी श्रेष्ठ, बालकृष्ण शिवाकोटी लगायत नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरुको पनि उपस्थिति थियो ।

.............................

(धर्मेन्द्र कुमार मिश्र)
प्रवक्ता